# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ६३) काठमाडौं, मंसीर २४ गते, २०७० साल (संख्या ३६

## भाग ५

नेपाल सरकार

### वन तथा भू-संरक्षण मन्त्रालयको सूचना

नेपाल सरकारले नेपाल वन सेवा (गठन, समूह तथा श्रेणी) विभाजन र नियुक्ति नियमहरु, २०५१ को नियम ११ ले दिएको अधिकार प्रयोग गरी सोही नियमहरुको अनुसूची- २ मा देहाय बमोजिम हेरफेर गरेको छ :-

१. खण्ड (क) को उपखण्ड (१) को राजपत्राङ्कित प्रथम श्रेणीमा रहने पदमा देहायका पदहरु थपिएका छन् :-

"प्रमुख तालीम अधिकृत"

"जिल्ला वन अधिकृत"

२. खण्ड (क) को उपखण्ड (२) को राजपत्राङ्कित द्वितीय श्रेणीमा रहने पदमा देहायको पद थपिएको छ :-

"वरिष्ठ वन अधिकृत"

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ

३. खण्ड (क) को उपखण्ड (३) को राजपत्राङ्कित तृतीय श्रेणीमा रहेको,-

(१) "सहायक वन विकास अधिकृत" पदको सट्टा " वन विकास अधिकृत" पद राखिएको छ ।

(२) "जिल्ला वन अधिकृत" पद झिकिएको छ ।

४. खण्ड (ग) को उपखण्ड (३) को राजपत्राङ्कित तृतीय श्रेणीमा रहने पदमा देहायको पद थपिएको छ :-

"सहायक प्रचार प्रसार अधिकृत" ।

५. खण्ड (ङ) को उपखण्ड (१) को राजपत्राङ्कित प्रथम श्रेणीमा रहेका "कार्यकारी निर्देशक" र "निर्देशक" पदहरुको सट्टा क्रमशः "महानिर्देशक" र "उपमहानिर्देशक" पदहरु राखिएका छन् ।

आज्ञाले,
**डा. गणेशराज जोशी**
**नेपाल सरकारको सचिव**

## महान्यायाधिवक्ताको कार्यालयको
## सूचना १

नेपालको अन्तरिम संविधान, २०६३ को धारा १३५ को उपधारा (६) ले दिएको अधिकार प्रयोग गरी महान्यायाधिवक्ताले सोही धाराको उपधारा (२) बमोजिम आफूमा निहित अधिकार देहायको शर्तको अधिनमा रही विशेष सरकारी वकील कार्यालयका सरकारी वकीलले नेपाल राजपत्रमा सूचना प्रकाशन भएको मिति देखि प्रयोग र पालना गर्न पाउने गरी सुम्पेकोले यो सूचना प्रकाशन गरिएको छ ।

(१) विशेष सरकारी वकील कार्यालयबाट बहस पैरवी र प्रतिरक्षा गरिने मुद्दा मध्ये बैदेशिक रोजगार ऐन, २०६४ को कसूर सम्बन्धी मुद्दामा सम्बन्धित अनुसन्धान अधिकारीबाट मुद्दाको तहकिकात पूरा भै मुद्दा चल्ने वा नचल्ने निर्णयको लागि राय सहित विशेष सरकारी वकील कार्यालय समक्ष प्रस्तुत हुन आएको मिसिल सह न्यायाधिवक्ताले तोकेको उप न्यायाधिवक्ताले अध्ययन गर्दा सवुद प्रमाणको उचित मूल्यांकनबाट मुद्दा

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४६३

चल्ने चलाउनु पर्ने देखेमा सोको आधार र कारण सहितको निर्णय गरी आवश्यक कानूनी कार्यविधि पुरा गरी गराई मुद्दा दायर गर्न सम्बन्धित निकाय वा अधिकारी समक्ष पठाउने ।

(२) प्रकरण १ बमोजिम प्राप्त मिसिल कागज अध्ययन गर्दा सबूद प्रमाणको उचित मूल्यांकनबाट मुद्दा चलाउनु नपर्ने देखेमा आधार र कारण सहितको आफ्नो राय सहितको निर्णय सोही कार्यालयका सह न्यायाधिवक्ता समक्ष पेश गर्नु पर्ने र सह न्यायाधिवक्ताले मुद्दा चलाउनु पर्ने देखेमा सो बमोजिम गर्न आधार र कारण सहितको निर्णय गरी आवश्यक कानूनी कार्यविधि पुरा गरी गराई मुद्दा दायर गर्न सम्बन्धित निकाय वा अधिकारी समक्ष पठाउने ।

(३) प्रकरण १ बमोजिम प्राप्त मिसिल कागज अध्ययन गर्दा सह न्यायाधिवक्ताले मुद्दा चलाउनु नपर्ने देखेमा आधार र कारण सहितको आफ्नो राय सहितको निर्णय अन्तिम निकाशाको लागि महान्यायाधिवक्ता समक्ष पेश गर्न महान्यायाधिवक्ताको कार्यालयमा पठाई निकासा भए बमोजिम गर्ने ।

## सूचना २

सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को दफा २ को (क) को प्रायोजनको लागि महान्यायाधिवक्ताले विशेष सरकारी वकील कार्यालय काठमाडौंमा कार्यरत शाखा अधिकृतलाई नेपाल सरकारको हक, हित वा सरोकार निहित रहेका मुद्दाहरुमा सरकारी वकील भई काम गर्न तोकेकोले यो सूचना प्रकाशन गरिएको छ ।

## सूचना ३

सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को दफा २ को खण्ड (क) को प्रायोजनको लागि महान्यायाधिवक्ताले महान्यायाधिवक्ताको कार्यालय मातहतका सबै १६ पुनरावेदन सरकारी वकील कार्यालयका शाखा अधिकृतलाई नेपाल सरकारको हक, हित वा सरोकार निहित रहेका मुद्दाहरुमा सरकारी वकील भई काम गर्न तोकेकोले यो सूचना प्रकाशन गरिएको छ ।

आज्ञाले,

ठोक प्रसाद सिवाकोटी

नायव महान्यायाधिवक्ता



मुद्रण विभाग, सिंहदरवार, काठमाडौंमा मुद्रित । मूल्य रु. ५।-
गो.द.द.नं. १६।०६२।६३

५३२

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।